# गायिका मृत्यु प्रकरण : बुबाद्वारा किटानी जाहेरी

**काठमाडौँ/असार १३।** काठमाडौँको नेपालटारस्थित आफ्नै कोठामा मृत भेटिएकी गायिका दिलमाया सुनारको हत्या भएको आरोप लगाउँदै बुबा केसर विकले प्रहरीमा किटानी जाहेरी दिएको छ । घटनालगत्तै पक्राउ परेका काभ्रेपलाञ्चोकका सूर्य भन्ने खिलबहादुर श्रेष्ठविरुद्ध विकले बालाजु प्रहरीमा किटानी जाहेरी दिएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ। किटानी जाहेरीसँगै ज्यानसम्बन्धी कसूरमा श्रेष्ठमाथि अनुसन्धान भइरहेको र हिजै म्याद थपको तयारी रहेको जनाइएको छ । श्रेष्ठलाई आइतबार प्रहरीले पक्राउ गरेको थियो ।

गायिका सुनार शनिबार आफ्नै कोठामा मृत भेटिएकी थिइन् । घटनास्थलमा मोबाइल फेला नपरेको र उनको सलसमेत समेत घटनास्थलभन्दा बाहिर फेला परेकाले कर्तव्य गरी मरिएको आशङ्कामा प्रहरीले अनुसन्धान अघि बढाएको थियो ।

पक्राउ परेका श्रेष्ठ उनका प्रेमी रहेको बुझिएको छ । शव परीक्षण प्रतिवेदन आएपछि घटनाको वास्तविक कारण खुल्ने भन्दै प्रहरीले अहिलेसम्म केही भन्न नसकिने जनाएको छ । घटना हुनु अघिल्लो दिन गायिका सुनारको फेसबुक स्टेटस सार्वजनिक भएको थियो ।

त्यसमा उनले कुनै पनि बेला जे पनि हुनसक्ने र घटनामा कसैलाई दोष नदिन अनुरोध गरिएको थियो । उक्त स्टेटस दबाबमा लेखिएको आशङ्का गरिएको छ । प्रहरी स्रोतका अनुसार श्रेष्ठले त्यसदिन उनको कोठामा गएको स्वीकारे पनि हत्या आरोप अस्वीकार गरेका छन् । रासस

## ४१ जना सङ्क्रमित थपिए

**काठमाडौँ/असार १३।** पछिल्लो २४ घण्टामा ४१ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले हिजो सार्वजनिक गरेको बुलेटिनअनुसार तीन हजार ३ सय ५८ जनामा परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

मन्त्रालयका अनुसार हाल २ सय ८ जना सक्रिय सङ्क्रमित छन् । सो अवधिमा २० जना सङ्क्रमणमुक्त भएका छन्। योसँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ६७ हजार ४ सय ९ पुगेको छ। सङ्क्रमितमध्ये सङ्क्रमणमुक्त हुने दर ९८.८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

सोमबार एक लाख २७ हजार ७ सय ९२ जनाले कोरोना भाइरस विरुद्धको खोप लगाएका छन् । मन्त्रालयले यही असार ९ देखि १५ गतेसम्म ५ वर्षदेखि १२ वर्ष मुनिका बालबालिकालाई कोरोना भाइरस विरुद्धको पहिलो खोप लगाइरहेका छन् ।

हाल होम आइसोलेशनमा २ सय २, संस्थागत आइसोलेशनमा ६ जना र तीन जनाको सघन उपचार कक्ष (आइसियु)मा उपचार भइरहेको छ ।

इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले सङ्क्रमण बढिरहेको बताए । सङ्क्रमण बढेसँगै भारतबाट नेपाल आउनेमा कोरोना परीक्षण सुरु गरिएको र उनीहरूमा कोरोनासँगै मलेरिया सङ्क्रमण पनि भेटिएको उनले जानकारी गराए । रासस

**कटारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटारी, उदयपुर**
**प्रदेश नं. १ , नेपाल**

### आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/०३/१४

आ.व. २०७९/२०८० को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम जडिबुटी, कवाडी र जिवजन्तु कर वापत आय संकलन कार्यका लागि शिलबन्दी दरभाउपत्रद्धारा ठेक्का वन्दोबस्त गर्नु पर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र,मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र तथा अन्तिम आ.व.को कर चुक्ताको प्रमाणित प्रतिलिपीहरु तथा उक्त कार्य गर्न योग्य भएको स्व घोषणा पेश गरी निम्न सर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ । यो सूचना यस कार्यालयको http://www.katarimun.gov.np मा पनि हेर्न सकिनेछ ।

| सि.न | आय ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम अंक (कर वाहेक) | न्युनतम अंक (कर सहित) | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०७–२०७८/०७९ | जडिबुटी,कवाडी र जिवजन्तु कर (**वार्षिक**) | ५,००,००० | ५,६५,००० | १००० |

**बोलपत्र सम्बन्धि शर्तहरु :**

१. दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्र फारम रु १०००।- नगद दाखिला गरि यस कार्यालयबाट खरिद गर्न सकिने छ र दरभाउपत्र बुझाउँदा यस कार्यालयबाट खरिद भएका दरभाउपत्र १६ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका दरभाउपत्र सोही दिनको २:०० बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधीको उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

२. खरिद भएको शिलबन्दी बोलपत्र फारम कवोल अंकको २.५ प्रतिशत रकम नगदै राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको यस कार्यालयको धरौती खाता नं. २०५०१००३०३००००२ मा दाखिला गरेको सकक्ल भौचर वा कम्तिमा ९० दिन म्याद भएको बैंक जमानी पत्र (BANK BID BOND) संकलन गरी रीत पूर्वक सहि छाँप तथा शिलबन्दी गरि दरभाउपत्र दर्ता आफै वा प्रतिनिधि मार्फत दाखिला गर्न सकिने छ ।

३. ठेक्का को अवधि २०८० आषाढ मसान्त मसान्त सम्म हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि कवोल अंकाको रकम यस कटारी न.पा.को रा.ब.बैंक कटारी शाखाको आन्तरिक राजश्व शाखा खाता नं. २०५०१००३०१०१०००२ मा एकमुष्ट रकम जम्मा गरेपछि मात्र सम्झौता गरी नियमअनुसार चलान पुर्जी दिईनेछ । ठेकेदारले ठेक्का स्वीकृत भएपछि कवोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि करको रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला गरी सोको प्रमाण नगरपालिकामा पेश गर्नुपर्नेछ ।

५ तोकिएको किस्ता म्याद भित्र नबुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेन्टीबाट अशुल उपर गरिनेछ । अशुल गर्न बाँकी रकममा १० प्रतिशत थप क्षतीपूर्ती समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

६. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका सार्वजनिक खरिद ऐन,२०६३ र सार्वजनिक खरिद नियमावली,२०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**




**जापानी प्रविधिवाट उत्पादित**

उदयपुर सिमेन्ट उद्योग लिमिटेड जलजले, उदयपुरको उच्च गुणस्तरको अर्डिनरी पोर्टलयाण्डको सिमेन्ट

**(OPC) गैडा सिमेन्ट**

जग, पिलर र ढलाइमा प्रयोग गरी ढुक्क हुनुहोस्

**सम्पर्क**

**उदयपुर सिमेन्ट उद्योग लि.**

(नेपाल सरकारको पुर्ण स्वामित्व प्राप्त)

फोन नं. -०३५-४११०१७, Email: sales@ucil.org.np



**ए... हजुर कता ?**

**श्रीपञ्चमी आर्ट एण्ड ग्लो यता**

**अब**
**फ्लेक्स सम्वन्धी सम्पूर्ण**
**कामहरु गरिन्छ ।**
**प्रो.वीरेन चौधरी**

**श्रीपञ्चमी आर्ट एण्ड ग्लो**
**फ्लेक्स प्रिन्ट**
**गरिन्छ**

सम्पर्क नं. ९८६२८६१४७५/९८०४७०९१०४

यहाँ विभिन्न प्रकारका रबर, नाइनलका स्ट्याम्पहरु बनाइन्छ भने व्यानर, व्यपार व्यवसायिहरुको लागि वोर्ड अर्डर अनुसार बनाइन्छ ।


*रूख रोपौं बन जोगाऔं, वातावरण स्वच्छ बनाऔं*

**सूचना ! सूचना !! सूचना !!!**

चौदण्डीगढी नगरपालिका वडा नं. ६ अन्तरगत श्री आँपखहरे सामूदायिक वन क्षेत्र भित्र चरीचरण बन्द गरिएको हुँदा सबै उपभोक्ताहरूमा यो सूचना प्रकाशित गरिन्छ । यस सूचनालाई वेवास्ता गर्दै सूचनालाई अन्यथा मानी चौपायालाई छाडा छोडि निषेधित वन क्षेत्र भित्र पाईएमा वन ऐन नियम अनुसार कारवाही गरिने व्यहोरासमेत सूचित गरिन्छ ।

**आँपखहरे सा.व.उ.सको कार्यालय**
चौनपा ६ बेल्टार-उदयपुर


**काहुलेली कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि**




**निर्माण जगतमा अब छुट्टै पहिचान बनाउँदै हामी तपाईहरु सामू आईपुगेका छौं । अब निर्माण तथा कन्स्ट्रक्शन सम्वन्धि सबै सेवाहरुको लागि हामी हाजिर छौं । साथै आवश्यक सम्पूर्ण सामग्रीहरु ढुंगा, गिटि, बालुवा ईटा, रड, सिमेन्टलगायत सामग्रीहरु आवश्यक परेमा सर्वसुलव माध्यामबाट भनेकै ठाउँमा उपलब्ध गराउँने छौं । अनि जुनसुकै समानहरुको सहज ढुवानीको पनि एक पटक सेवा गर्ने मौका दिनु होला ।**

*तपाईलाई सन्तुष्ट दिनु नै हाम्रो प्रमुख उद्देश्य हो ।*

**प्रो. शेखर राई**
**सम्पर्क नं. ९८४२९१६७३५**
**चौदण्डीगढी नगरपालिका वडा नं. ४,**
**काहुलेली टोल बसाहा–उदयपुर**


## हेल्लो चौदण्डीगढी

| | | | |
|---|---|---|---|
| मेयर | ९८५२८४४०५७ | कृषि वैक | ०३५–४४०३२९ |
| उप मेयर | ९८५२८४४०५८ | शिक्षा शाखा | ०३५–४४०२४६ |
| प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | ईलाका प्रहरी कार्यालय | ९८५२८४४०८८ |
| प्रशासन शाखा | ९८५२८४४०६१ | शसस्त्र प्रहरी वल वेस क्याम्प | ०३५–४४०२०० |
| स्वास्थ्य शाखा | ९८५२८४४०७५ | सगरमाथा आवसीय मावि | ०३५–४४०१४६ |
| नेपाल टेलिकम | ०३५–४४०००१ | पारुहाङ एकेडेमी | ०३५–४४०३४२ |
| सप्तकोशी बचत तथा ऋण सहकारी संस्था | ०३५४४०२१४ | न्यूटन एकेडेमी | ९८६२९१५११८ |
| नगर खेलकुद विकास समिति | ९८६२७५३३१३ | पुमा बोर्डिङ | ०३५–४४०२३५ |
| रावा बैक | ०३५–४४०२५५ | मेरीगोल्ड मावि | ९८५२८३५४३२ |
| गोर्खाज फाइनान्स लि. | ०३५–४४००५३ | ज्योति उच्च मावि | ९८६३८२७५११ |
| सिद्धार्थ बैक | ०३५–४४०२३० | ज्यामिरे उच्च मावि | ९८४२९९१९७७ |
| | | कालिका मावि सिरुवानी | ९८११०३१४४४ |
| | | सिवाई मावि | ९८४२८४५२८४ |

| | | | |
|---|---|---|---|
| ज्योति मावि | ९८६३८२७५११ | ७ नं. वडा कार्यालय | ९८४२८५५९५० |
| नारद आदर्श मावि (प्र. कविराज तामाङ) | ९८४२९०७५८७ | ८ नं. वडा कार्यालय | ९८६३८४४७७६ |
| मावि आमसाल | ९८०३०८३१३१ | ९ नं. वडा कार्यालय | ९८५२८३५२०८ |
| सिंहदेवी मावि माडिवास | ९८४२९०७७६० | १० नं. वडा कार्यालय | ९८१८४८२२२३ |
| कृप्शन यातायात काउण्टर | ९८६२८३२५४५ | चौ.दरवार एण्ड पार्टी प्यालेस | ९८५२८४४०१६ |
| भूपु सैनिक शैक्षिक गुठी | ०३५–४४०१२६ | थापा पार्टी प्यालेस | ९८०४७२०८८३ |
| चौदण्डीगढी हस्पिटल | ०३५४४०२७५ | कञ्चनजंघा सेकेन्डरी वोर्डिङ | ९८६२९१५००९ |
| १ नं. वडा कार्यालय | ९८६२९२६२०६ | नेपाल विद्युत प्राधिकरण | ०३५–४४०२१३ |
| २ नं. वडा कार्यालय | ९८५२८४४०५९ | बेल्टार टिभि नेट प्रा.लि | ०३५–४४०२१८ |
| ३ नं. वडाकार्यालय | ९८५२८४४०८२ | दमकल | ९८०९२६९९८१ |
| ४ नं. वडा कार्यालय | ९८०५९९९७०० | एम्वुलेन्स | ९८६२९८८६८८ |
| ५ नं. वडा कार्यालय | ९८५२८४४०६७ | खतिवडा ट्रेड एणन सप्लायर्स | ९८५२८३५११९ |
| ६ नं. वडा कार्यालय | ९८५२८४४०६० | गणेश सोलार सप्लायर्स | ९८६३६८४८७८ |

प्रकाशक : चौदण्डीगढी मिडिया प्रा.लि, प्रा.लि, अध्यक्ष : राजेन्द्र विद्रोही, प्रवन्धक/निर्देशक : दिपेन्द्र वान्तावा, सम्पादक : भोटराज राई, कार्यकारी/सम्पादक : राजेन्द्र दुष्ट, प्रमुख बजार व्यवस्थापकः हेमबहादुर राई, कानुनी सल्लाहाकारः नीरबहादुर राई,
मुद्रणः श्रेष्ठ प्रिन्टिङ्ग प्रेस,, कार्यालय : चौदण्डीगढी नगरपालिका वडा नं.७, बेल्टार-उदयपुर, E-mail : gadhikhabar@gmail.com, सम्पर्क नं. ९८५२८४४०६५/९८६२९२८९१९/९८४९९४१५८१